# आकाशवाणी समाचार- नेपाली

मितिः १६ जनवरी २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा सिंगापुरका राष्ट्रपति थरमन शणमुगरत्नमसँग भेटवार्ता गर्नुहुनेछ।
२. विदेश राज्यमन्त्री कीर्तिवर्धन सिंहले आज साँझ केरलाको कोच्चिमा कोच्चि संवाद २०२५ को पहिलो चरणको सुरुवात गर्नु हुनेछ ।
३. छुट्टै सीमान्त नागाल्याण्ड क्षेत्रको माग गर्दै आइरहेका ENPO- का नेताहरूले हिज गृह मन्त्रालयका सल्लाहकार ए.के. मिश्रासँग बैठक गरेका छन् ।
४. इजरायल र हमासले गाजामा युद्धविराम र बन्धक रिहा गर्ने सम्झौतामा सहमति जनाएका छन्।
५. भारतीय पुरुष र महिला टोलीले हिजो उत्कृष्ट प्रदर्शन गर्दै खो खो विश्वकप २०२५ को क्वार्टरफाइनलमा प्रवेश गरेका छन्।

**पीएम मोदी – सिंगापूर**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा सिंगापुरका राष्ट्रपति थरमन शणमुगरत्नमसँग भेटवार्ता गर्नुहुनेछ। श्री शणमुगरत्नमले आज राष्ट्रपति भवनमा राष्ट्रपति द्रौपदी मुर्मुसँग पनि भेट गर्नुहुनेछ। राष्ट्रपति मुर्मुले उहाको सम्मानमा भोजको आयोजना गर्नुभएको छ। विदेशमन्त्री डा. एस. जयशंकरले हिजो नयाँ दिल्लीमा सिंगापुरका राष्ट्रपतिसँग भेटवार्ता गर्नुभयो। दुई नेताहरूले अर्धचालक, औद्योगिक पार्क, सीप विकास, डिजिटलाइजेसन र व्यापार प्रवर्द्धनमा सहकार्यबारे छलफल गरे। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुदै डा. जयशंकरले दुई देशले द्विपक्षीय सम्बन्धको ६० वर्ष पूरा गरिरहेको र यस अवसरमा सिंगापुरका राष्ट्रपतिको भारत भ्रमणले व्यापक साझेदारीलाई नयाँ गति दिने बताउनु भएको छ ।राष्ट्रपति शणमुगरत्नम पाँच दिवसीय भारत भ्रमणमा हुनुहुन्छ । उहाँसँगै मन्त्री र सांसदहरू सहितको उच्चस्तरीय प्रतिनिधिमण्डल पनिरहेका छन् । सिंगापुरका राष्ट्रपतिको रूपमा श्री शणमुगरत्नमको यो पहिलो भारत भ्रमण हो। उहा भोलि अनि शनिबार ओडिशाको भ्रमणमा हुनेछन्। भारत र सिंगापुरबीच मित्रता र पारस्परिक सम्मानमा आधारित विश्वासिलो सहयोगको सम्बन्ध रहेको छ।

****** ० ******

**अमित शाह**

गृहमन्त्री अमित शाहले आज मुम्बई, चेन्नई, कोलकाता, बैंगलोर, हैदराबाद, कोच्चि र अहमदाबाद विमानस्थलहरूमा फास्ट ट्र्याक इमिग्रेशन - ट्रस्टेड ट्रैवलर कार्यक्रमको सुरुवात गर्नु हुनेछ । यसले यात्रुहरूलाई विश्वस्तरीय आवास सुविधा प्रदान गर्नेछ र अन्तर्राष्ट्रिय यात्रालाई सहज र सुरक्षित बनाउनेछ। गृह मन्त्रालय अनुसार आवेदकहरूले आफ्नो विस्तृत विवरण प्रदान गरेर र आवश्यक कागजातहरू ftittp.mha.gov मा अपलोड गरेर कार्यक्रमको लागि अनलाइन दर्ता गर्नुपर्नेछ। दर्ता भएका आवेदकहरूको बायोमेट्रिक डेटा विदेशी क्षेत्रीय दर्ता कार्यालय वा विमानस्थलमा उपलब्ध हुनेछ। दर्ता भएका आवेदकहरूले ई-गेटमा आफ्नो एयरलाइन बोर्डिङ पास स्क्यान गर्नु पर्नेछ। यात्रुहरूको बायोमेट्रिक डेटा आगमन र प्रस्थान दुवै बिन्दुहरूमा ई-गेटमा प्रमाणित गरिनेछ। यसपछि ई-गेट स्वतः खुल्नेछ र माइग्रेसन क्लियरेन्स प्रदान गरिनेछ।यो प्रणाली देशका २१ प्रमुख विमानस्थलहरूमा लागू गरिनेछ। गृहमन्त्रीले गत वर्ष जुनमा नयाँ दिल्लीस्थित इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल-३ बाट यो कार्यक्रम सुरु गर्नु भएको थियो

****** ० ******

**नेत्र कुम्भ**

प्रयागराजमा महाकुम्भको समयमा स्वास्थ्य सेवामा विशेष ध्यान दिइँदैछ। यी स्वास्थ्य सेवा प्रयासहरू मध्ये एक पहल नेत्र कुम्भ हो। यस मार्फत दृष्टिविहीन व्यक्तिहरूका लागि विशेष व्यवस्था गरिएको छ।

****** ० ******

**कोच्ची संवाद**

विदेश राज्यमन्त्री कीर्तिवर्धन सिंहले आज साँझ केरलाको कोच्चिमा कोच्चि संवाद २०२५ को पहिलो चरणको सुरुवात गर्नु हुनेछ। यो विदेश मन्त्रालयले सार्वजनिक नीति अनुसन्धान केन्द्रसँगको सहकार्यमा आयोजना गरेको हो। दुई दिवसीय कूटनीतिक संवाद भारत र खाडी सहयोग परिषद् देशहरू बीचको साझेदारी बढाउन "भारतको सक्रिय पश्चिमतर्फी नीति: जनता, समृद्धि र प्रगति" मा केन्द्रित हुनेछ। खाडी सहयोग परिषद्का महासचिव जसेम मोहम्मद अल-बुदैवीले कोची संवादमा विशेष सम्बोधन गर्नुहुनेछ। यस कार्यक्रमले प्रमुख कूटनीतिज्ञहरू, सरकारी अधिकारीहरू, नीति निर्माताहरू, व्यापारिक नेताहरू र अन्य सरोकारवालाहरूलाई एकै ठाउँमा ल्याउनेछ। संवाद विशेष गरी व्यापार, अर्थतन्त्र, समुद्री रणनीतिक साझेदारी, शिक्षा, आप्रवासी र ऊर्जा सहयोगमा केन्द्रित हुनेछ।

****** ० ******

**ईएनपीओ- केंद्र सरकार**

नागाल्याण्डका सात पछाडीएका जनजातिहरूका लागि छ जिल्लाहरू मिलेर छुट्टै सीमान्त नागाल्याण्ड क्षेत्रको माग गर्दै आइरहेका इस्टर्न नागाल्याण्ड पिपुल्स (ENPO) का नेताहरूले हिज गृह मन्त्रालयका सल्लाहकार ए.के. मिश्रासँग बैठक गरेका छन् । त्रिपक्षीय बैठकमा नागाल्याण्ड सरकारका वरिष्ठ अधिकारीहरू पनि उपस्थित रहेको अधिकारीहरूले बताएका छन् । बैठकमा राज्यका छ पूर्वी जिल्लाहरूको क्षेत्रलाई निश्चित स्तरको स्वायत्तता प्रदान गर्ने बारेमा छलफल गरेको जानकारी प्राप्त भएको छ । चुमोकेदिमा जिल्लाको पुलिस परिसरमा आयोजित पाँच घण्टाको बैठक पछि, ENPO अध्यक्ष ए चिंगमक चांगले बैठकमा प्रमुख मुद्धाहरुमाथि चर्चा भएको र सकारात्मक रहेको बताउनु भयो I श्री चाङले पत्रकारहरुसंग कुरा गर्नु हुदै आफुहरुले पूर्वी नागाल्याण्ड जिल्लाहरूमा तैनाथ ग्राम रक्षकहरूको बेरोजगारी र आधुनिकीकरणको मुद्दामा छलफल गरे जसमा गृह मन्त्रालयका अधिकारीहरू सहमत भएको बताउनु भयो ।

****** ० ******

**जितेन्द्र-लोक सेवक**

केन्द्रीय मन्त्री डा. जितेन्द्र सिंहले केन्याका वरिष्ठ लोक सेवकहरुसंग वार्ता गर्नु भएको छ। उहाले भन्नु भयो, ब्रिटिश औपनिवेशिक शासन अन्तर्गत साझा अनुभवहरूका कारण भारत र केन्या बीचको ऐतिहासिक सम्बन्धले राजनीतिक र प्रशासनिक संरचनाहरूलाई प्रभाव पारेको छ। उहाले दुवै देश लोकतान्त्रिक सिद्धान्त, पारदर्शिता र सुशासनप्रति प्रतिबद्ध रहेको बताउनु भयो । डा. सिंहले समुद्री चुनौतीहरू र विभिन्न वातावरणीय समस्याहरू पनि प्रकाश पर्नु हुदै यसको दिगो समाधानमा जोड दिनु भयो । श्री सिंहले राष्ट्रिय सुशासन केन्द्रले एसिया र अफ्रिकाका पाँच हजारभन्दा बढी सरकारी कर्मचारीहरूलाई तालिम दिएको बताउनु भयो । उहाले केन्यासँग द्विपक्षीय सम्बन्धलाई सुदृढ पार्ने आफ्नो प्रतिबद्धता पनि दोहोऱ्याउनु भयो ।

****** ० ******

**स्टार्टअप नौ वर्ष**

आज, सरकारको प्रमुख पहल स्टार्टअपले नौ वर्ष पूरा गर्दैछ। यो योजनाले देशमा स्टार्टअप उद्यमहरूलाई प्रवर्द्धन गर्ने, नवप्रवर्तन अनि उद्यमशीलताको लागि अनुकूल, बलियो र समावेशी वातावरण सिर्जना गर्ने लक्ष्य राखेको छ। हाम्रा संवाददाताले स्टार्टअप इन्डिया पहल अन्तर्गत भारतलाई रोजगार खोज्ने देशको सट्टा रोजगार सिर्जनाकर्ता देश बनाउन धेरै प्रयासहरू गरिएको बताए।

****** ० ******

**मनकी बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी १९ जनवरी आइतबार आकाशवाणीमा मन की बात कार्यक्रममा आफ्ना विचारहरू साझा गर्नु हुनेछ। यो मासिक रेडियो कार्यक्रमको ११८ औं एपिसोड हुनेछ। कार्यक्रमका लागि विचार र सुझावहरू टोल फ्री नम्बर १८००-११-७८०० मा पठाउन सकिन्छ। श्रोताहरूले आफ्ना विचारहरू नरेन्द्र मोदी एप वा माई गभ ओपन फोरममा पनि पठाउन सक्छन्। यस एपिसोडको लागि सुझावहरू भोलिसम्म स्वीकार गरिनेछ। यो कार्यक्रम आकाशवाणी र दूरदर्शनको सम्पूर्ण नेटवर्कमा प्रसारण हुनेछ। यो एआईआर न्यूज वेबसाइट र एआईआर मोबाइल एपमा समाचारमा पनि सुन्न सकिन्छ। यो आकाशवाणी समाचार, डीडी न्यूज, प्रधानमन्त्री कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयको युट्युब च्यानलहरूमा पनि उपलब्ध हुनेछ। आकाशवाणीबाट हिन्दी प्रसारण भएपछि मन की बात कार्यक्रम क्षेत्रीय भाषाहरूमा प्रसारण गरिनेछ।

****** ० ******

**तटरक्षक - बचाव**

भारतीय तटरक्षक जहाजले हिजो लक्षद्वीपको सुहेली द्वीप नजिकै हराएको माछा मार्ने डुङ्गामा सवार सबै ५४ जनालाई सकुशल उद्धार गरेको छ। यो डुङ्गा कावरत्तीबाट सुहेली द्वीप गएको थियो। लक्षद्वीप प्रशासनबाट जानकारी प्राप्त भएपछि, तटरक्षक दलले खोजी तथा उद्धार अभियान सुरु गरेको थियो भने निगरानी प्रणाली मार्फत हराएको डुङ्गा पत्तो लगाएको थियो ।

****** ० ******

**इजराइल-हमास समझौता**

इजरायल र हमासले गाजामा युद्धविराम र बन्धक रिहा गर्ने सम्झौतामा सहमति जनाएका छन्। कतारका प्रधानमन्त्री मोहम्मद बिन अब्दुलरहमान अल-थानीसँगको भेटवार्तापछि दुवै पक्षले सम्झौतामा सहमति जनाएका हुन्। सम्झौता आइतबारदेखि सुरु हुनेछ र ४२ दिनसम्म रहनेछ। कतारी प्रधानमन्त्री अल-थानीले हिजो दोहामा इजरायल र हमासबीचको सम्झौताको घोषणा गर्नु भयो । उहाले भन्नु भयो, यसले इजरायली कैदीहरूलाई रिहा गर्न र गाजामा मानवीय सहायता बढाउनेछ। इजरायली मिडिया रिपोर्ट अनुसार सम्झौतालाई अनुमोदन गर्न आज मन्त्रिपरिषद् सुरक्षा समितिको बैठक बस्नेछ। हमासका एक अधिकारीले मध्यस्थकर्ताको मस्यौदा दोहामा अनुमोदन भएको बताउनु भयो । अमेरिकी राष्ट्रपति जो बाइडेनले पत्रकार सम्मेलनमा सम्झौताको पुष्टि गर्नु हुदै पहिलो चरणमा अमेरिकी बन्धकहरूलाई रिहा गरिने बताउनु भयो। अमेरिकी राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्पले सम्झौतालाई उल्लेखनीय घटनाको रूपमा वर्णन गर्नु हुदै यो सम्झौता आफ्नो ऐतिहासिक चुनावी विजयका कारण मात्र सम्भव भएको बताउनु भयो।

****** ० ******

**खोखो – विश्वकप**

भारतीय पुरुष र महिला टोलीले हिजो उत्कृष्ट प्रदर्शन गर्दै खो खो विश्वकप २०२५ को क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। नयाँ दिल्लीको इन्दिरा गान्धी इन्डोर स्टेडियममा भएको म्याचमा भारतीय पुरुष टोलीले पेरुमाथि ७०-३८ को ठूलो जित दर्ता गऱ्यो। अर्कोतिर भारतीय महिला टोलीले इरानमाथि १००-१६ को शानदार जित दर्ता गर्दै क्वार्टरफाइनलमा स्थान बनाएको छ। भारतको आक्रामक खेलका कारण पहिलो ब्याचमा इरान केवल ३३ सेकेन्डमै अलआउट भयो।

****** ० ******

**नेपाल- भूकम्प सुरक्षा दिवस**

नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले भूकम्प जस्ता प्राकृतिक प्रकोपबाट सुरक्षित रहन सबै क्षेत्रबाट प्रभावकारी तयारीको आवश्यकतामाथि जोड दिनु भएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आज २७ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवसको अवसरमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्नु हुदै प्रधानमन्त्रीले २०१५ को भूकम्पपछि विकसित एकीकृत बस्तीहरू तुलनात्मक रूपमा सुरक्षित रहेको बताउनु भयो। उहाले भूकम्प एक प्राकृतिक प्रकोप रहेको र यसलाई रोक्न नसके पनि, सम्भावित खतराहरूबाट आफूलाई बचाउन सकिने बताउनु भयो। सन् १९३४ को १५ जनवरीको दिन गएको भूकम्पको सम्झनामा सन् १९९९ देखि नेपालमा हरेक वर्ष भूकम्प सुरक्षा दिवस मनाउने गरेको छ।

****** ० ******

**वायु गणवत्ता प्रबंधन आयोग**

राष्ट्रिय राजधानी दिल्लीमा वायु गुणस्तरमा आएको गिरावटलाई ध्यानमा राख्दै, वायु गुणस्तर व्यवस्थापन आयोगले चरणबद्ध कार्य योजना - GRAP-३ र ४ अन्तर्गत सबै कार्यहरू कार्यान्वयन गर्ने निर्णय गरेको छ। GRAP ३ अन्तर्गत, राष्ट्रिय राजधानी क्षेत्रमा गैर-आवश्यक निर्माण कार्य, सडक निर्माण र खानी गतिविधिहरूमा प्रतिबन्ध लगाइएको छ।

****** ० ******